**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date:24.05.2024**

- **Transport Department**

परिवहन विभागले पहाड़ी क्षेत्रमा अनिवार्य सीट बेल्टको आवश्यकतालाई स्थगित गर्ने घोषणा गरेको छ। यातायात भवनमा परिवहन विभागका सचिव एवं विभिन्न टेक्सी संगठनका प्रतिनिधिहरूको उपस्थितिबीच सम्पन्न बैठकपछि यो निर्णय लिइएको हो। प्रतिनिधिहरूले यसै महिनाको बाहीस तारिक विभागद्वारा जारी अधिसूचनाको उल्लेख गर्दै पहाड़ी क्षेत्रमा सीट बेल्टको उपयोग प्रतिकूल हुनसक्छ भन्दै चिता जताएका थिए। उनीहरूले यस्तो क्षेत्रमा वाहन सड़कबाट झरेको खण्डमा सीट बेल्टका कारण खतरा अझ बड्ने सम्भावना व्यक्त गरेका छन्।

उच्च निकायसितको परामर्शपछि परिवहन विभागले यस क्षेत्रमा सीट बेल्टको अनिवार्य प्रयोगलाई रद्द गर्ने निर्णय लिएको हो। यसका साथै अघिल्लो अधिसूचनासम्मका लागि सीट बेल्ट नियमको पालन नगर्नेहरू विरूद्ध कुनै जरिमाना नलगाइने बताइएको छ।

नयाँ निर्देशनको उचित कार्यान्वयन सुनिश्चित गर्न यस निर्णयको बारेमा सबै सम्बन्धित निकायहरूलाई जानकारी गराइएको छ। अधिक जानकारीका लागि यातायात भवनस्थित परिवहन विभागसित सम्पर्क गर्न सकिनेछ।

---------------------------------------X---------------------------------------

**Soreng Notification**

दुई जून र चार जूनमा हुने आम चुनाउ 2024-को मतगणनालाई लिएर वाहनको आवागमन सम्बन्धमा सोरेङ जिल्लाको पुलिस अधिक्षक कार्यालयले आज एउटा अधिसूचना जारी गरेको छ।

अधिसूचनामा भनिएअनुसार दुवै दिन बिहान पाँच बजीदेखि मतगणना पूरा नभएसम्म सोरेङ-कलुक SPWD सड़क मार्गको सोरेङदेखि बारखिलेबीच सबै प्रकारका वाहनको आवागमनमा प्रतिबन्ध लगाइनेछ।

यद्यपि, सोरेङका पर्यवेक्षक, जिल्ला निर्वाचन अधिकारी, सहायक निर्वाचन अधिकारी तथा ड्युटिमा खटिएका पुलिस अधिकारी, अग्निसमन र औषधिका वाहनहरूलाई भने आवागमनको अनुमति दिइनेछ।

देन्ताम-कलुकबाट सोरेङ बाजार अनि जोरथाङ आवतजावत गर्ने पार्टी कार्यकर्ताका वाहनसहित अन्य सबै श्रेणीका वाहनहरूलाई लोअर सिङलिङ सड़क तर्फ मोडिनेछ। यस नियमको उलंघन गरेको पाइएमा कानून मुताविक जरिमाना लगाइने अधिसूचनामा उल्लेख गरिएको छ।

---------------------------------------X---------------------------------------

- **Postal Ballot**

जिल्ला प्रशासनिक केन्द्र, मंगनले आज सेवा मतदाताहरूको काबी-लुङचोक निर्वाचन क्षेत्रका चार, जङ्गुका पाँच अनि लाचेन-मंगनका तीन गरी कुल बाह्रवटा डाक मतपत्र प्राप्त गऱ्यो।

मंगनका जिल्ला निर्वाचन अधिकारी एवं जिल्लाधीश श्री हेमकुमार छेत्रीको निगरानीमा निर्वाचन अधिकारीहरूको उपस्थितिबीच यी मतपत्रहरू कड़ाइका साथ समष्टिगत रूपमा छुट्याएर नियन्त्रण कक्षमा राख्नका साथै मोहरबन्द गरियो।

यसैक्रममा, नाम्चीकी जिल्ला निर्वाचन अधिकारी एवं जिल्लाधीश श्रीमती अन्नापूर्ण आले तथा Electronically Transmitted Postal Ballot System (ETPBS)-की नोडल अधिकारी एवं जोरथाङकी महकुमा अधिकारी श्रीमती मोनिका राईले आज जिल्ला प्रशासनिक केन्द्र, नाम्चीमा सेवा मतदाताहरूको ETPBS डाक मतपत्र ग्रहण गर्नुभयो।

डाक अधिकारीबाट प्राप्त गरिएका तीनवटासहित नाम्ची जिल्लाका सबै समष्टिबाट अहिलेसम्ममा प्राप्त भएको डाक मतपत्रको कुल संख्या तीन सय एकनब्बे पुगेको छ।

दुवै जिल्लामा यो प्रक्रिया विभिन्न राजनीतिक पार्टीका प्रतिनिधिहरूको उपस्थितिबीच पारदर्शिता पूर्वक सम्पन्न भयो।

---------------------------------------X---------------------------------------

- **DM Meeting on Road Connectivity**

मंगनका जिल्लाधीश श्री हेमकुमार छेत्रीले गत वर्ष आएको जलप्रलयपछि मंगनमा देखापरेको कम्जोर सड़क सम्पर्कले उत्पन्न गरेको विभिन्न समस्याबारे चर्चा गर्न आयोजित बैठकको अध्यक्षता गर्नुभयो।

जिल्लाधीशको कक्षमा बसेको बैठकमा मंगनका DFO (Territorial) श्री क्षितेन W लाचुङपा, चुङथाङका महकुमा अधिकारी श्री किरन ठटाल, लाचेन र लाचुङका पिपोन लगायत सीमा सड़क संगठन (BRO), GREF र मंगन जिल्ला पर्यटक चालक संगठनका प्रतिनिधि आदिको उपस्थिति थियो।

बैठकको मुख्य उद्देश्य कम्जोर सड़क सम्पर्क, जमीन क्षतिपूर्तिको मुद्दा र पर्यटक वाहन चालक तथा पर्यटन हितधारकहरू अघि आउने चुनौतीसहित स्थानीय र हितधारकहरूले भोग्नुपरेको समस्याबारे सम्बोधन गर्नु रहेको थियो।
BRO अधिकारीगणले दिएको जानकारीअनुसार जमीनको क्षतिपूर्ति जुलाई पन्द्रसम्ममा हस्तान्तरण गरिनेछ। यसैगरी पुनर्स्थापन कार्य चलिरहेको र टुङमा आगामी डेड़ महिनाभित्र झोलुङ्गे पुल तयार हुने पनि सभामा जानकारी गराइयो। चुङथाङ र लाचेन बीचको सडक सम्पर्क पनि चाड़ै निर्माण गरिने र यस अघिसम्म हाल प्रयोगमा रहेको बेली ब्रिज सार्वजनिक उपयोगका लागि यथावत राखिने पनि बताइएको छ।

--------------------------------------X--------------------------------------

- **Ram Patro Award**

डिजिटल मिडिया हिमाल वर्ल्डका सम्पादक तथा वरिष्ठ पत्रकार श्री प्रमोद गिरीलाई पत्रकारितामा उत्कृष्टताका लागि 2023-24-को राम पात्रो स्मृति पुरस्कार प्रदान गरियो। आज सम्पन्न एउटा कार्यक्रमबीच मुख्य अतिथि सिक्किम उच्च न्यायालयका न्यायाधीश न्यायमूर्ति भाष्कर राज प्रधानको बाहुलीद्वारा यो पुरस्कार प्रदान गरिएको हो।
यसरी नै यस वर्षको 'सिक्किम एक्सप्रेस र हिमाली बेलाका सर्वोत्कृष्ट श्रमजीवी पत्रकार पुरस्कार' सिक्किम एक्सप्रेसको पाकिम जिल्ला संवाददाता श्री अजय थामीलाई प्रदान गरियो। यो पुरस्कार अंग्रेजी दैनिक सिक्किम एक्सप्रेसले वार्षिक रूपमा प्रदान गर्दछ।
सूचना एवं जनसम्पर्क विभागकी सचिव सुश्री कर्मा युत्सोको विशेष उपस्थिति रहेको कार्यक्रमलाई सम्बोधन गर्दै न्यायमूर्ति प्रधानले पत्रकारको निम्ति सत्यको खोजी नै महत्त्वपूर्ण कार्य रहेको बताउनुभयो अनि भन्नुभयो, आँखाले देखिएको सबै सत्य नहुने र सत्य सबै नदेखिने भएकाले समाचार लेख्दा पत्रकारहरूले दुवै पक्ष गहनताका साथ निकाल्नुपर्छ। पत्रकार समाजका ऐना हुन भन्दै उहाँले पत्रकारमा इच्छा, खोजी र सत्यको भोक हुनुपर्छ भन्नुभयो।
यस अवसरमा श्री लिला गुरुङलाई प्रशंसा पत्र प्रदान गरियो।

--------------------------------------X--------------------------------------